# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, चैत १३ गते २०३५ साल

श्री ५ को सरकार

### गृह पञ्चायत मन्त्रालयको

### सूचना

२०३६ साल वैशाख १ गतेदेखि ऐ चैत्र मसान्ततक वर्ष १ मा देहायबमोजिम सार्वजनिक बिदा र अरू पर्व बिदाहरू दिने श्री ५ को सरकारले निर्णय गरेको छ ।

१. विभिन्न मन्त्रालय, अड्डा, अदालत एवं कार्यालयहरूलाई हरेक शनिबार दिन त्रिपन्न–५३

| | | | |
|---|---|---|---|
| वैशाख | १,८,१५,२२,२९ | गते दिन पाँच– | ५ |
| जेष्ठ | ५,१२,१९,२६ | गते दिन चार– | ४ |
| आषाढ | २,९,१६,२३,३० | गते दिन पाँच– | ५ |
| श्रावण | ५,१२,१९,२६ | गते दिन चार– | ४ |
| भाद्र | २,९,१६,२३,३० | गते दिन पाँच– | ५ |
| आश्विन | ६,१३,२०,२७ | गते दिन चार– | ४ |
| कार्तिक | ३,१०,१७,२४ | गते दिन चार– | ४ |
| मार्ग | १,८,१५,२२,२९ | गते दिन पाँच– | ५ |
| पौष | ७,१४,२१,२८ | गते दिन चार– | ४ |



६६१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

माघ ५,१२,१९,२६ गते दिन चार— ४

फाल्गुण ४,११,१८,२५ गते दिन चार— ४

चैत्र २,९,१६,२३,३० गते दिन पाँच— ५

२. अन्य पर्व बिदाहरू :

(क) नव वर्षः— वैशाख १ गते शनिवार परेकोले बिदा भनिरहन नपर्ने ।

(ख) ऋषितर्पणी (रक्षा बन्धन):— श्रावण २३ गते बुधवार दिन एक— १

(ग) वसन्तपञ्चमीः— माघ ८ गते मङ्गलवार दिन एक— १

(घ) महा-शिवरात्रिः— फाल्गुण २ गते वृहस्पतिवार दिन एक—

(ङ) सूर्यग्रहणः— फाल्गुण ४ गते शनिवार परेकोले बिदा भनी रहन नपर्ने ।

(च) फागु पूर्णिमाः— फाल्गुण १८ गते शनिवार परेकोले बिदा भनिरहन नपर्ने ।

(छ) चैत्र शुक्ल अष्टमी (चैत्र दशैं) र राम नवमीः— चैत्र ११ गते सोमवार दिन एक— १

३. जात्रा बिदाहरू (उपत्यकालाई मात्र):

(क) गाईजात्राः— श्रावण २४ गते वृहस्पतिवार दिन एक— १

(ख) इन्द्रजात्राः— भाद्र २० गते बुधवार दिन एक— १

(ग) घोडेजात्राः— चैत्र ३ गते आदित्यवार दिन एक— १

(घ) मछिन्द्रनाथको भोटो देखाउने दिन एक— १

४. महिला कर्मचारीको लागि मात्रः

(क) हरितालिका (तीज):— भाद्र ९ गते शनिवार परेकोले बिदा भनिरहन नपर्ने ।

(ख) ऋषिपञ्चमीः— भाद्र ११ गते सोमवार दिन एक— १

(ग) नारी दिवसः— ८ मार्च १९८० तदनुसार फाल्गुण २५ गते शनिवार परेकोले आधा दिन बिदा भनिरहन नपर्ने ।

५. दशैं बिदा श्री ५ को सरकारको मन्त्रालय, विभाग, अड्डा, अदालत, न्यायिक समिति तथा अन्य कार्यालयहरूलाई समेत देहायनुसार बिदा हुनेः—

(क) घटस्थापनाः— आश्विन ६ गते शनिवार परेकोले बिदा भनिरहन नपर्ने ।

(ख) आश्विन १२ गते शुक्रवार फुलपाती देखि ऐ. १९. गते शुक्रवार कोजाग्रत पूर्णिमासम्म दिन आठ— ८

६. तिहार बिदाः

कार्तिक ३ गते शनिवार लक्ष्मीपूजादेखि कार्तिक ५ गते सोमबार गोवर्द्धनपूजा र भातृपूजासम्म दिन तीन— ३

७. दिवस बिदाः

(क) संयुक्त राष्ट्र सङ्घ दिवसः— २४ अक्टूबर १९७९ तदनुसार कार्तिक ७ गते बुधवार दिन आधा— १/२

६६२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) नेपाल शहिद दिवसः– माघ १६ गते बुधवार दिन आधा– १/२

८. श्री ५ महाराजाधिराज सरकारको स्वदेश वा विदेश भ्रमणमा बाहिर सवारी होइबक्सँदा र राजधानी फिर्ती सवारी होइबक्सँदा देहायनुसार बिदा हुनेः–

(क) राजकीय भ्रमण गरिबक्सँदा अधिराज्यभर बिदा ।

(ख) औपचारिक भ्रमण गरिबक्सँदा ( उपत्यकाभित्र ) का कार्यालयहरूलाई मात्र आधा दिन बिदा ।

९. शुभ-जन्मोत्सवः

(क) श्री ५ महाराजाधिराज सरकारको शुभ-जन्मोत्सवः– अधिराज्यभर पौष १४ गते शनिवार परेकोले बिदा भनिरहन नपर्ने र अधिराज्य बाहिर १९७९ डिसेम्बर २८ तारीख तद्नुसार (पौष १३ गते शुक्रवार) दिन एक– १

(ख) श्री ५ बडामहारानी सरकारको शुभ-जन्मोत्सव अधिराज्यभर कार्तिक २२ गते वृहस्पतिवार दिन एक र अधिराज्य बाहिर १९७९ नोभेम्बर ७ तारीख तद्नुसार (कार्तिक २१ गते बुधवार) दिन एक– १

१०. जन्मजयन्तीहरूः

(क) बुद्धजयन्तीः– वैशाख २९ गते शनिवार परेकोले बिदा भनिरहन नपर्ने ।

(ख) कृष्ण जयन्तीः– श्रावण २९ गते मङ्गलवार दिन एक– १

(ग) श्री ५ बडा महाराजाधिराज पृथ्वीनारायण शाहको शुभ-जयन्तीः– पौष २७ गते शुक्रवार दिन एक– १

(घ) राष्ट्रपिता श्री ५ त्रिभुवनजयन्ती तथा राष्ट्रिय प्रजातन्त्र दिवसः– फाल्गुण ७ गते मङ्गलवार दिन एक– १

(ङ) श्री ५ महेन्द्रजयन्ती तथा संविधान दिवसः– पौष १ गते आदित्यवार दिन एक– १

११. हाजिर हुने र छुट्ने समयः

मन्त्रालय तथा कार्यालयहरूको हकमा मार्ग, पौष र माघ ३ महीना बिहान १० बजे हाजिर भै बेलुका ४ बजे छुट्ने बाँकी ९ महीना १० बजे हाजिर भै बेलुका ५ बजे छुट्ने ।

१२. निम्नलिखित उत्सव समारोहमा उपस्थितको निमित्त तोकिएको दिन, ठाउँ र समय सूचना भएबमोजिम गर्नेः–

(क) श्री ५ महाराजाधिराज सरकारको शुभ-जन्मोत्सवमा उपस्थित हुने ।

(ख) श्री ५ महाराजाधिराज सरकारको बाहुलीबाट टीका थाप्ने ।

(ग) श्री ५ बडा महारानी सरकारको शुभ-जन्मोत्सवमा उपस्थित हुने ।

(घ) श्री ५ बडा महाराजाधिराज पृथ्वीनारायण शाहको शुभ-जयन्तीमा उपस्थित हुने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) राष्ट्रपिता श्री ५ त्रिभुवनजयन्ती तथा राष्ट्रिय प्रजातन्त्र दिवसमा उपस्थित हुने ।

(च) श्री ५ महेन्द्रजयन्ती तथा संविधान दिवसमा उपस्थित हुने ।

(छ) श्री ५ महाराजाधिराज सरकारबाट वसन्त श्रवण गरिबक्सने दिन उपस्थित हुने ।

(ज) बडा दशैं फूलपातीको दिन उपस्थित हुने ।

(झ) महा-शिवरात्रिको बढाइँमा उपस्थित हुने ।

(ञ) घोडेजात्राको तमासामा उपस्थित हुने ।

१३. माथि लेखिएबमोजिम बिदा पाउनेमा रोजनामा काम हुने मन्त्रालय तथा कार्यालयहरू जस्तैः– अस्पताल, रोपवे, तार, टेलिफोन, प्रहरी थाना, चौकी, फायर बृगेड, टक्सार, रेडियो नेपाल, श्री ५ को सरकारको छापाखाना, आकाशवाणी र हुलाक समेतको कामकाज रोक्न नहुने कार्यालयहरूको निमित्त सरकारी कामकाज रोक्न नपाउने गरी प्रचलित कानून-बमोजिम रीत पुर्‍याई मात्र बस्न पाइनेछ ।

टिप्पणीः

आधा दिन भन्नाले मार्ग, पौष र माघ ३ (तीन) महीनाको निमित्त दिनको १ बजे र बाँकी ९ (नौ) महीनाको लागि दिनको १$\frac{1}{2}$ बजे भन्ने सम्झनुपर्छ ।

आज्ञाले–
मुक्तिप्रसाद कापले
श्री ५ को सरकारको का. मु. सचिव

६६४

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।